# १३ औं दक्षिण एशियाली खेलकुदको तयारीको सम्बन्धमा अनुगमन तथा निरीक्षण उपसमितिको स्थलगत अध्ययन प्रतिवेदन, २०७७

## परिच्छेद– १

### परिचय

२०७६ साल मंसिर १५ गते देखि २४ गते सम्म अर्थात (२०१९, डिसेम्वर १ देखि १० सम्म) नेपालमा सम्पन्न भएको १३ औ साग खेल काठमाडौं, पोखरा र जनकपुरधाम गरी तीन शहरमा आयोजना भएको थियो । उक्त खेलमा सार्कका ७ वटा देशबाट २७१५ जना खेलाडिहरु विभिन्न २६ वटा खेलमा सहभागी भएका थिए । उक्त २६ वटा खेल उल्लिखित ३ वटा शहरका विभिन्न ठाउँमा सञ्चालन भएका थिए । १३ औं सागमा बंगलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंका गरी ७ वटा राष्ट्रहरु सहभागी भएका थिए । दक्षिण एशियाली ओलम्पिक काउन्सिल (SAOC) को संरचना भित्र अफगानिस्तान नभएको हुदाँ उक्त राष्ट्रको सहभागिता रहेको थिएन ।

१३ औं दक्षिण एशियाली खेलकुदको तयारीको सम्वन्धमा अनुगमन तथा निरीक्षण गर्न शिक्षा तथा स्वास्थ्य समितिको मिति २०७६/०६/१२ गतेको निर्णय बमोजिम उक्त खेलकुद समपन्न नभए सम्मका लागि ५ सदस्यीय तपशिलमा उल्लेखित एक उप समिति गठन भएको थियो ।

| | | |
|---|---|---|
| १. | माननीय जीवनराम श्रेष्ठ | संयोजक |
| २ | माननीय गजेन्द्र बहादुर महत | सदस्य |
| ३. | माननीय नबिना लामा | सदस्य |
| ४. | माननीय नमिता कुमारी चौधरी | सदस्य |
| ५. | माननीय नारायण प्रसाद मरासिनी | सदस्य |

उपसमितिले मिति २०७६/०४/२७ गते देखि १३ औं दक्षिण एशियाली खेलकुदको तयारीको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न जम्मा ५ वटा बैठक बस्यो । उक्त सन्दर्भमा ३ ओटा अनौपचारीक बैठक समेत बसेको थियो ।

नेपालको काठमाडौं, पोखरा र जनकपुर लगायत तीन शहरमा आयोजना गर्ने भनिएको खेलहरु संचालन गर्न आवश्यक पूर्वाधार, मर्मत, समन्वय जस्ता महत्वपूर्ण विषयमा के के भै रहेको छ भन्ने चासो र चिन्ता जाहेर गर्दै उक्त स्थानहरुमा खेलहरु खेल्नको लागि उपयुक्त छ छैन, तयारी के कस्तो छ भनेर विभिन्न खेलहरु खेल्ने स्थानको स्थलगत अवलोकन, अध्ययन र सम्वन्धित मन्त्रालयका मन्त्रीज्यू, खेलकुद पदाधिकाधीकारी संग समन्वय गरी निर्धारित समयमै खेल सम्पन्न गर्न उपसमितिले महत्पूर्ण भूमिका निर्वाह गरेको थियो ।

### पृष्ठभूमी

दक्षिण एशियाली खेलकुद (SAG) अर्न्तराष्ट्रिय ओलम्पिक कमिटि (IOC) को छाता अर्न्तगतको खेलकुद भएको हुदाँ दक्षिण एशियाली ओलम्पिक कमिटि (SAOC) को निर्णयबाट आयोजना गर्ने गरिन्छ ।

आयोजक राष्ट्रको ओलम्पिक कमिटिले सरकारको सहमतिमा प्रस्ताव पेश गरी सो को आधारमा दक्षिण एशियाली ओलम्पिक कमिटिले निर्णय गर्दछ ।

यस दक्षिण एशियाली खेलकुदको जन्म नेपालबाट भएको थियो । प्रथम साग गेम्स सन् १९८४ मा काठमाडौमा सम्पन्न भएको थियो । दोश्रो पल्ट आठौँ साग गेम्स सन् १९९९ काठमाडौँमा सम्पन्न भयो। क्यालेन्डर अनुसार सन् १९९६ मा गर्नुपर्ने थियो तर भौतिक पूर्वाधारको समस्या भएको हुदाँ मिति सार्न बाध्य भएको थियो ।

१३ औं दक्षिण एशियाली खेलकुद आयोजनाको जिम्मा ५-१६ फेब्रुअरी सन् २०१६ गुवाहटी र सिलोङ भारतमा सम्पन्न १२ औं सागको समापन समारोहको अवसरमा नेपालले झन्डा प्राप्त गरी जिम्मेवारी लिएको थियो । नेपालमा आयोजना गर्ने भनेको प्रस्ताव सन् २०१८ मा भएतापनि भुकम्पको असर र भौतिक पूर्वाधार तयारीको कारण देखाइ SAOC को २०१६ डिसेम्बर ३ काठमाडौँमा सम्पन्न बैठकले २०१९ मार्च ९-१८ काठमाडौँमा आयोजना गर्ने निर्णय भएको थियो । तर नेपालमा विद्यमान राजनैतिक अस्थिरताले गर्दा भौतिक पूर्वाधार निर्माणको काम र व्यवस्थापकिय तयारीका कामहरु हुन सकेन र संघीय संसदीय निर्वाचन पछि गठन भएको सरकारले निर्धारित समयमा आयोजना गर्न तयारीका कार्यहरु बाँकी रहेको हुंदा सन् २०१९ मार्च १-३ मा सम्पन्न SAOC को बैठकबाट अन्तिम पटकको लागि भनी डिसेम्बर १-१० काठमाडौं पोखरामा आयोजना गर्ने  निर्णय भएको थियो । यस सबै काममा अन्य राष्ट्रहरुलाई सहमति गराउन र अर्न्तराष्ट्रिय समन्वय गरी पटक पटक मिति सारी नेपालमानै आयोजना सुनिश्चित गर्न नेपाल ओलम्पिक कमिटिले राम्रो भुमिका खेलेको देखिन्छ ।

## परिच्छेद– २

### समस्या

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत राष्ट्रिय खेलकुद परिषदको समन्वय तथा सहकार्यमा यो कार्यक्रम हुन गईरहेको थियो । यस खेल सुरुमा मार्च ९ देखि १८ सम्म हुने भनिएता पनि स्थगित भई डिसेम्बर १ देखि १० सम्म सम्पन्न गर्न दोश्रो पटकलाइ मिति तय गरिएकोले समितिलाई यस समय भित्र काम सम्पन्न गराउन थप चुनौति भएको थियो ।  यो उपसमितिको प्रमुख दायित्व भनेको तोकिएको समय सिमाभित्र नेपालमा यो कार्यक्रम सम्पन्न हुनु थियो । यो उप समितिले विभिन्न मितिमा विभिन्न स्थानको स्थलगत अध्ययन गरि सो को रिपोटिङ्ग शिक्षा तथा स्वास्थ्य समितिका सभापतिलाई गराएको थियो । खेल खेल्ने दिन नजिक रहेको अवस्थामा समयमानै खेल समपन्न गर्नु पर्ने अवस्था भएकोले उपसमितिले निर्देशन र समन्वय गरी तोकिएको समयमानै गर्नु पर्ने अन्यथा नेपाल प्रति विदेशीको हेर्ने दृष्टिकोण नराम्रो हुने भएकोले हर हालतमा यो काम समपन्न गर्नु पर्ने अवस्था थियो । छोटो समयमा यी सबै कामहरु समयमा नै सम्पन्न गर्नु पर्ने एउटा ठूलो चुनौतीको रुपमा देखिएको थियो । उप समितिको पहिलो फिल्ड भिजिट काठमाण्डौंको दसरथ रंगलाशा र सातदोवाटोको पौडी खेल्ने स्थानबाट शुरुभएको थियो । त्यो समयमा नयाँ संरचना बनाउनु पर्ने र मर्मत अत्याधिक गर्नु पर्ने अवस्था देखिएकोले अबका दिनमा ठेकेदारले दिनरात नभनी कामनगरेमा काम समयमा नै सम्पन्न हुन नसक्ने स्थिती देखिएको थियो । सम्वन्धीत ठेकेदारसंग प्रत्यक्ष भेटघाट गरी के गर्न सकिन्छ भनेरे तत्काल जनशक्ति बढाएर हुन्छ कि अन्य सहयोग गरेर हुन्छ काम निश्चित समयमानै सम्पन्न गर्न आवश्यक व्यवस्था गर्न उपसमितिले निर्देशन दिईएको थियो । कतिपय सामानहरु विदेशवाट आउनु पर्ने, भन्सार लगायत अन्यप्रकृयामा ढिलाई हुन नदिन के कस्तो सहयोग गर्न सकिन्छ भनि सम्वन्धीत पदाधिकारीसँग छलफल समेत भएको थियो ।

निश्चित समय, पर्याप्त खेल खेल्ने स्थानको कमि खेलसामग्रीको अभाव जस्ता समस्याले खेल समयमानै समपन्न गर्न कठिनाई हुने अवस्था थियो । काठमाण्डौंमा त समय लाग्ने भयो भने पोखरा र जनकपुरको पनि उस्तै हालत देखियो । खेल आयोजनाका लागि गठित समितिहरु समयका पूर्णता हुन नसकेको र पूर्वाधार उद्घाटन स्थलको रंगशाला र अन्य पूर्वाधारहरु आयोजनाको अघिल्लो दिन सम्म पनि कार्य भैरहेको अवस्थाले निकै ठुलो चुनौति देखिन्थ्यो ।

## परिच्छेद–३

### सम्बन्धीत निकायहरुको प्रतिबद्धता

सर्वप्रथम १३ औं साग खेलकुदको सम्बन्धमा अन्तिम पटकको लागि मिति परिवर्तन भई डिसेम्बर १ देखि १० सम्म हुने भनिसके पछि संघीय संसद, प्रतिनिधि सभाको शिक्षा तथा स्वास्थ्य समितिले उक्त खेल नेपालको गरिमा एवम् प्रतिष्ठासँग जोडिएको खेल भएको कारणले २०७६।०४।१० गते पहिलो बैठक बस्यो । उक्त बैठकमा नेपालमा हुन गइरहेको दक्षिण एशियाली खेलकुदको तयारीको सम्बन्धमा माननीय यूवा तथा खेलकुद मन्त्री र राष्टिय खेलकुद परिषदका सदस्य सचिवसँग छलफल गरियो र सम्बन्धित निकायहरुको यस खेललाई सम्पन्न गराउनका निम्ति चासो एवम् प्रतिबद्धता बारे जानकारी लिइयो । १३ औं साग प्रति सम्बन्धित मन्त्रालय र खेलकुद परिषद एकजुट भई खेललाई जसरी पनि सुसम्पन्न गराउनका निम्ति प्रतिबद्ध रहेको जानकारी पदाधिकारीहरुबाट समितिलाई प्राप्तभयो । त्यसैगरी राष्टिय खेलकुद परिषदले १३ औं साग खेलकुदलाई सफल बनाउन एवम् सम्पूर्ण व्यावस्थापनका निम्ति “१३ औं दक्षिण एशियाली खेलकुद २०७६ तयारी तथा व्यावस्थापन समिति” गठन भयो । सोही बैठकद्धारा समितिका सदस्यमध्ये ५ जना सदस्य रहने गरी मा. जीवनराम श्रेष्ठको संयोजकत्वमा एक “१३ औं दक्षिण एशियाली खेलकुद तयारीको सम्बन्धमा अनुगमन तथा निरीक्षण उपसमिति” गठन भयो ।

समितिद्धारा गठित उपसमिति २०७६।४।२७ गते, २०७६।५।८ गते, २०७६।५।३१ गते र २०७६।७।२१ गते गरी जम्मा ४ वटा बैठक बसी १३ औं साग खेलको अनुगमन र निरीक्षण विधि र प्रक्रिया एवम् निर्देशनबारे छलफल गरी विभिन्न समयमा तयारी सम्बन्धी स्थलगत अनुगमन तथा निरीक्षण गर्न काठमाडौं, पोखरा र जनकपुरका खेल स्थानहरुमा टोलि गएको थियो ।

उपसमितिको पहिलो बैठकमा यस १३ औं दक्षिण एशियाली खेलकुदको तयारी तथा व्यवस्थापन समितिको सचिवालय सँग भौतिक पूर्वाधार सम्बन्धी, खेलाडि तथा प्रशिक्षण सम्बन्धी विषय र व्यावस्थापकीय पक्षमा भइरहेको तयारी सम्बन्धी विषयमा विवरण मगाउने निर्णय भइ सोही अनुरुप विवरण २०७६।४।३० गते प्राप्त भएको थियो । उपसमितिको दोश्रो बैठकमा प्राप्त विवरण माथि विस्तृत अध्ययन गरी स्थलगत रुपमा अनुगमन एवम् निरीक्षणका लागि खेलाडी प्रशिक्षण केन्द्रमा गएर खेलाडीहरुको प्रशिक्षणको अवस्था बुझ्न, नेपालले पदक लिन सक्ने खेलका खेलाडीसँग अर्न्तक्रिया गर्न र मख्यतः ३ जिल्लामा खेल मैदानहरुको निरीक्षण गर्न निर्णय भएको थियो ।

त्यसैगरी तेश्रो र चौथो बैठकमा सदस्यहरुले अनुगमन एवम् निरीक्षणका लागि थप विषय छलफल गरी विभिन्न ठाउँमा अनुगमन गर्न निर्णय गरेको थियो ।

## परिच्छेद– ४

### स्थलगत अनुगमन ब्रिफिङ

**१. मिति २०७५।५।३१ गते, काठमाण्डौं**

१३ औ दक्षिण एशियाली खेलकुद तयारीका सम्वन्धमा माननीय जीवनराम श्रेष्ठ, माननीय नमिताकुमारी चौधरी, मा. गजेन्द्र बहादुर महत, मा. नविना लामा र माननीय नारायणप्रसाद मरासिनी र पत्रकार लगायतको टोलीले काठमाण्डौंको दशरथ रङशाला र सातदोबाटो खेलकुद परिसरमा हुने खेलकुद तयारीको सम्वन्धमा पत्रकार समेतको उपथितिमा स्थलगत अध्ययन तथा अवलोकन गर्‍यो ।

**२. मिति २०७५।६।८ गते, पोखरा**

१३ औ दक्षिण एशियाली खेलकुद तयारीका सम्वन्धमा माननीय जीवनरामश्रेष्ठ, माननीय नमिताकुमारी चौधरी र माननीय नारायणप्रसाद मरासिनी लगायत युवा तथा खेलकुद मन्त्रालयका पदाधिकारी, राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्षको टोलीले पोखराको विभिन्न स्थानमाहुने खेलकुद तयारीको सम्वन्धमा स्थलगत अध्ययन तथा अवलोकन गर्‍यो । उक्त स्थानमा हुने खेलका सम्वन्धित पदाधिकारीसँग र विशेषतः भौतिक संरचना तयार गर्न लामो समय लाग्ने भएकोले नयाँ भौतिक संरचना र मर्मत गर्ने ठेकेदारसँग प्रत्यक्ष रुपमा भेटी कहिले सम्म समपन्न हुन सक्छ ? यो तयारीको क्रममा संसदीय समितिले के सहयोग गर्नुपर्छ भन्ने विषयमा समेत स्थलगत रुपमा छलफल एवं अध्ययन गरियो । त्यसै क्रममा ठेकेदार एवं सम्वद्ध पदाधिकारीहरुले रातदिन काम गरेर भएपनि समयमानै काम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको थियो ।

**३. मिति २०७५।०८।०९ गते, जनकपुर**

१३ औ दक्षिण एशियाली खेलकुद तयारीका सम्वन्धमा माननीय जीवनराम श्रेष्ठ, माननीय नमिताकुमारी चौधरी र माननीय गजेन्द्र बहादुर महत लगायत राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्षको टोलीले जनकपुरमा हुने खेलकुद तयारीको सम्वन्धमा स्थलगत अध्ययन तथा अवलोकन गर्‍यो । उक्त स्थानमा हुने खेलका सम्वन्धित पदाधिकारीसँग र विशेषतः भौतिक संरचना मर्मत गर्ने ठेकेदारसँग प्रत्यक्ष रुपमा भेटी कहिले सम्म समपन्न हुन सक्छ ? यो तयारीको क्रममा संसदीय समितिले के सहयोग गर्नुपर्छ भन्ने विषयमा समेत स्थलगत रुपमा छलफल एवं अध्ययन गरियो । त्यसै क्रममा ठेकेदार एवं सम्वद्ध पदाधिकारीहरुले समयमानै काम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । यस जिल्लामा खो खो को महिला र पुरुषको एउटा विधाको खेल आयोजना गर्ने र यस स्थानको विशेष परिस्थितिलाई ध्यान दिइ प्रदेश नं. २ को प्रदेश प्रमुखसँग छलफल र प्रदेशको मुख्यमन्त्रीको पस्थितिमा सम्बन्धित विभागिय मन्त्रीहरु, मेयर र सुरक्षा निकायका जिल्लास्थित प्रमुख बिचमा बैठक गरी प्रतियोगिता सुरक्षित र भव्यरुपमा सम्पन्न गर्न विस्तृत छलफल भयो ।

# परिच्छेद–५

## निष्कर्ष

१३ औँ साग खेलकुद मा जीतको तथ्यांक अनुसार भारतले सबैभन्दा बढि १७४ वटा स्वर्ण पदक ल्याइ प्रथम स्थानमा, नेपालले ५१ वटा स्वर्ण पदक ल्याइ दोश्रो स्थानमा, श्रीलंकाले ४० वटा स्वर्ण ल्याइ तेश्रो स्थानमा त्यसैगरी क्रमशः पाकिस्तानले ३२, बंगलादेशले १९ वटा र माल्दिभ्सले १ वटा स्वर्ण जितेका थिए भने भुटानले स्वर्ण पदक जित्न सकेको थिएन । जम्मा संख्याको कुरा गर्दा सबै देश मिलेर ३१६ वटा स्वर्ण पदक, ३१७ वटा रजतपदक र ४३४ वटा ब्रोन्ज मेडल प्राप्तगर्न सफल भई जम्मा १०६८ वटा मेडलहरु जम्मा गर्न सफल भएका थिए ।

राष्ट्रिय प्रतिस्ठा र गौरवसँग जोडिएको यस्तो महत्वपूर्ण कार्यक्रमहरु राष्ट्रले जिम्मेवारी लिइ सकेपछि जुनसुकै सरकारको पालोमा जिम्मा लिएको भएतापनि उच्च प्राथमिकता सहित समयमा सम्पन्न गर्ने गरी तयारी गर्नु आवश्यक छ । नेपाल जस्तो सानो अर्थतन्त्र भएको देशले यस्तो ठुलो मेघा इभेन्ट गर्दा समयमा नै सबै कामको तयारी गर्न सक्दा आर्थिक मितव्ययी र गुणस्तरीय काम हुन सक्दछ । यस पल्ट पनि समयमा जिम्मेवारी वहन नगर्दा विशेष खरिदको व्यवस्था गर्न परेको थियो र पूर्वाधार निर्माण, खेल सामग्री र अन्य व्यवस्थापकीय कार्यहरुमा असाधारण रकम व्यय हुन गएको छ । यस्तो विषयहरुका जिम्मेवार व्यक्तिहरुलाई जवाफदेही बनाउने प्रणालीको विकास गर्नु पर्ने आवश्यकता देखिन्छ ।

अन्ततः १३ औ साग खेल एकपटक स्थगित भएता पनि दोश्रो अवधिमा सफलतापूर्वक सम्पन्न गर्न यूवा तथा खेलकुद मन्त्रालय, राष्टिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटि र १३ औँ साग व्यवस्थापन समिति सफल भएको देखिन्छ । सम्पूर्ण अप्ठ्याराहरुको बिचमा १३ औ साग भव्यरुपमा सम्पन्न गर्न सफल भएको छ  नेपाली खेलाडिहरुको सफलताले सबै नेपालनीहरुको गौरव बढेको छ  र राष्ट्रलाई नै उत्साहित बनाउने काम भएको छ । १३ औ साग खेलको  मिति निर्धारण पश्चात खेल निर्धारित समयमानै सम्पन्न हुनेबेला सम्म करिब ५ महिना सम्म संघीय संसद, प्रतिनिधि सभाको शिक्षा तथा स्वास्थ्य समितिले यस राष्ट्रिय गौरवका खेल को तयारी, व्यवस्थापन देखि प्रत्येक खेल सम्पन्न हुँदा सम्म निरन्तर रुपमा अनुगमन, निरिक्षण तथा सम्बन्धीत निकायलाई आवश्यक निर्देशन दिदैं १३ औ साग खेल सुसम्पन्न गराउन सफल भएको छ ।

................................
(मा. जीवनराम श्रेष्ठ)
संयोजक

................................
(मा. गजेन्द्र बहादुर महत)
सदस्य

..................................
(मा. नविना लामा)
सदस्य

..............................
(मा. नमिताकुमारी चौधरी)
सदस्य

.................................
(मा. नारायणप्रसाद मरासिनी)
सदस्य